(आर्थिक वर्ष २०८०/०८१)

# वार्षिक बजेट तथा कार्यक्रम

## धार्चे गाउँपालिका

माछिखोला, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८० असार १० गते

# धार्चे गाउँपालिकाको बजेट तथा कार्यक्रम आर्थिक बर्ष २०८०/८१

**आदरणीय गाउँसभाका सभाध्यक्ष ज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारीहरु ।**

नेपाली जनताले लामो समय देखी प्रतिक्षा गरेको संविधानसभा बाट निर्माण प्रक्रिया पुरा गरी २०७२ साल आश्वीन ३ गते नेपालको संविधान २०७२ जारी भएको थियो । संविधान निर्माण भई सकेपछि संविधानको कार्यान्वयनको पहिलो चरणमा २०७४ बैशाख ३१ गते सम्पन्न भएको स्थानिय तहको निर्वाचनबाट चुनिएको जनप्रतिनिधिहरुले ५ वर्ष कार्यकाल सकेर २०७९ साल बैशाख ३० गते भएको दोस्रो स्थानिय तहको निर्वाचनले हामी निर्वाचित भए पश्चात दोस्रो आ.व २०८०/०८१ को १४ औ गाउँसभामा अगामी आ.व को नीती / कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्तित भएको छु ।

यस अवसरमा सर्वप्रथम राष्ट्रियता, समावेशी लोकतन्त्र, गणतन्त्र, सामाजिक न्याय र मानव अधिकारको पक्षमा बलिदान दिने ज्ञात अज्ञात शहितहरु प्रति हार्दिक श्रदान्जली अर्पण गर्दै ऐतिहासिक जनआन्दोलनका बेपता, घाइते तथा सम्मानित नेतृत्वहरु प्रति सम्मान व्यक्त गर्दछु । साथै राजनितिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने धार्चे गाउँपालिका सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

यस अवसरलाई जनताको चाहाना अनुरुपको संघीय स्वरुप अन्तर्गत स्थापित स्थानीय तहले जनतलाई स्थानीय तहवाटै सेवा सुविधा उपलब्ध गराई “सुन्दर, सुरक्षित, समृद्ध धार्चे” भन्ने मूल नारालाई आत्मासात गर्दै यस वर्षको बजेट तथा कार्यक्रमलाई न्यायपूर्ण रुपमा स्रोतको बाँडफाँड गरी उपलब्धी हासिल गर्ने प्रस्थान विन्दुको रुपमा लिएको छ ।

आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ धार्चे गाँउपालिकाको नीति तथा कार्यक्रम, चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई मध्यनजर गर्दै धार्चे गाउपालिकाको आवधिक योजना, मध्यकालिन खर्च संरचना तयार गर्दै गर्दा विभिन्न भेलाबाट जस्तै जनप्रतिनिधि, गाउँपालिका बिषयगत समिति, राजनीतिक दलका नेतृत्वकर्ता, निजि क्षेत्र, सामुदायिक संस्थाहरु, नागरिक समाज तथा बुद्धिजीवी, युवा तथा किसानहरु लगायतका क्षेत्रको सल्लाह सुझाव र परामर्शहरुलाई समेटेर आ.व ०८०।०८१ को बजेट तर्जुमा गरेको छु ।

यो वजेट निर्माणमा गाउँपालिकाको समग्र पक्षलाई ध्यानमा राखी निर्माण गरिएता पनि कतिपय सम्बोधन नगरी नहुने क्षेत्र तथा पहिचान नभएका क्षेत्रमा बजेट विनियोजन हुन नसकेको अथवा प्रयाप्त नभएको अवस्थालाई यस सम्मानित सभाले धार्चे गाउँपालिकाको आगामी आ.ब.को लागि रचनात्मक सुझाव प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु ।

**आदरणीय सभाअध्यक्ष महोदय,**
अब म " सुन्दर, सुरक्षित, समृद्ध धार्चे" भन्ने दीर्घकालिन सोचलाई मुर्तरुप दिन आर्थिक वर्ष ०८०।०८१ को बजेट निर्माण गर्दा लिइएका उद्देश्य, प्राथमिकता क्षेत्र एवम् आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## उद्देश्य

१. पालिका बाट प्रदान गरिने सेवामा नागरिकहरुको पहुँच वृद्धि गर्ने ।
२. सार्वजनिक निर्माणलाई गुणस्तरीय तथा दिगो अवधारणमा सम्पन्न गर्ने ।
३. सुन्दर, सुरक्षित, समृद्धि धार्चे निर्माणको आधार तयार गर्ने ।
४. सुशासनको अवधारणलाई लागु गर्ने ।

**बजेट तथा कार्यक्रम प्राथमिकता**

१. कृषि तथा पशु व्यवसायको विविधीकरण व्यवसायीकरणमा जोड दिने
२. सडक स्तरोन्नतीमा जोड
३. गुणस्तरीय स्वास्थ्य सेवामा वृद्धि
४. गुणस्तरीय शिक्षा तथा प्राविधिक शिक्षामा जोड
५. जनताको आय आर्जनमा वृद्धि गरी समृद्ध धार्चेको परिकल्पना साकार पार्ने
६. जनताको न्यायमा पहुँचको विस्तार गर्न न्यायीक समितिको काम कार्वाहिलाई प्रभावकारी बनाउने
७. समुदायमा सूचना प्रविधिको पहुँचमा जोड दिने
८. लैङ्गिक सहभागिता समानुपातिक र समावेशितामा जोड दिने
९. सार्वजनिक सेवा प्रवाह सुशासन तथा प्रभावकारीता सचेतना कार्यक्रम संचालन गर्ने
१०. सुद्ध पिउने पानी तथा सरसफाईमा पहुँच वृद्धि
११. लोपउन्मुख, परम्परागत, मौलिक ज्ञान, सिपलाई पुस्ता हस्तान्तरण तथा संरक्षण गरि अधुनिकिकरण गर्ने
१२. धार्चेको कला संस्कार संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धनमा जोड दिने
१३. समुदायमा कल्याणकारी कोषको व्यवस्था गरी आय आर्जनमा वृद्धि गर्ने
१४. जेष्ठ नागरिक तथा बालबालिकालाई सम्मान तथा प्रोत्साहन गर्ने
१५. धार्चेमा कृषि प्रबर्द्धन गर्न मिनी सुपरजोन स्थापना गर्ने

बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको वर्तमान संविधान र कानुन, सम्मानीत संसदले पारित गरेका नीति तथा कार्यक्रम, विनियोजन विधेयकको सिद्धान्त, संघीय सरकार तथा प्रदेश सरकारको बजेट वक्तव्य २०८०, पञ्चवर्षिय योजनाको आधारपत्रमा उल्लेखित लक्ष्य, नीति, रणनीति, दिगो विकास, योजना, संघीय सरकारले गरेको सन्धि संझौता, निर्देशक सिद्धान्त, नीति तथा दायित्व साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको परिपत्र तथा अर्थ मन्त्रालयबाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन, संघीय सरकार तथा गण्डकी प्रदेश सरकारको बजेट २०८०, संघीय तथा गण्डकी प्रदेश सरकारको ऐन, नियमावली, परिपत्र धार्चे गा.पा. भित्र कृयाशील राजनीतिक पार्टीहरुको घोषणा पत्र र धार्चे गाउपालिकाको आवधिक योजनालाई आधार मानी तयार गरेको छु साथै सिमित साधन श्रोत, असिमित ईच्छा आकांक्षा र आवश्यकतालाई साधनस्रोतले भ्याए सम्म धार्चे गाउपालिका गौरबको योजना, नीति तथा कार्यक्रमले व्यवस्था गरेका नीति तथा कार्यक्रमलाई मध्यनजर गरी समावेश र न्यायोचित ढंगले बजेट व्यवस्था गर्ने प्रयास गरेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय एवम् गाउँसभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८०/०८१ को अनुमानित आय व्यय सहितको बजेट विवरण यस सम्मानित सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

| सि.नं. | स्रोत समूह | बजेटको स्रोत/तह | स्रोत | विधि | अनुमानित आय(रु. हजारमा) |
|---|---|---|---|---|---|
| **१** | **संघीय सरकार,नेपाल सरकार ,१३३११-समानिकरण अनुदान, नगद अनुदान** | | | | ८,७४,००.०० |
| १.१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ८,७४,००.०० |
| **२** | **संघीय सरकार,नेपाल सरकार ,१३३१२-शसर्त अनुदान चालु, नगद अनुदान** | | | | १६,७५,००.०० |
| २.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | १४,९४,००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ५६,००.०० |
| २.३ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना अनुदान (बैदेशिक) | ४५,००.०० |
| २.४ | बैदेशिक श्रोत | एस.इ.एस.पी. | बैदेशिक अनुदान | सोधभर्ना हुने ऋण (बैदेशिक) | ७७,००.०० |
| २.५ | बैदेशिक श्रोत | युरोपियन युनियन | बैदेशिक अनुदान | नगद अनुदान (बैदेशिक) | ३,००.०० |
| **३** | **संघीय सरकार,नेपाल सरकार ,१३३१३-शसर्त अनुदान पुँजीगत, नगद अनुदान** | | | | १,३०,००.०० |
| ३.१ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | १,२८,००.०० |
| ३.२ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | २,००.०० |
| **४** | **संघीय सरकार,नेपाल सरकार ,१३३१५-विषेश अनुदान पुँजीगत, नगद अनुदान** | | | | ३,६२,००.०० |
| ४.१ | संघीय सरकार | नेपाल सरकार | विषेश अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ३,६२,००.०० |
| **५** | **संघीय सरकार,नेपाल सरकार ,१३३१७-समपुरक अनुदान पुँजीगत, नगद अनुदान** | | | ० | ८०,००.०० |
| ५.१ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान पुँजीगत | नगद (आन्तरिक ऋण) | ८०,००.०० |
| **६** | **राजस्व बाडफाड,राजस्व बाँडफाँड - संघीय सरकार ,१००२०-राजस्व बाँडफाँड, नगद** | | | | ८,९३,८८.५० |
| ६.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८,९३,८८.५० |
| **७** | **प्रदेश सरकार** | | | | ११११५६.०० |
| ७.१ | प्रदेस सरकार समानीकरण अनुदान | प्रदेश सरकार | समानिकरण अनुदान | नगद | ११११५६.०० |
| **८** | **प्रदेश सरकार राजस्व बाँडफाँड** | | | | ६६४७.०० |
| ८.१ | प्रदेस सरकार सवारी कर बाँडफाँड - | प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६६४७.०० |
| **९** | **प्रदेश सरकार समपुरक** | | | | ७०००.०० |
| ९.१ | प्रदेस सरकार समपुरक अनुदान | प्रदेश सरकार | समपुरक अनुदान पुँजीगत | नगद | ७०००.०० |
| **१०** | **प्रदेश सरकार बिशेष** | | | | ४०००.०० |
| १०.१ | प्रदेश सरकार बिशेष अनुदान | प्रदेश सरकार | विषेश अनुदान पुँजीगत | नगद | ४०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| **११** | **बैक मौज्दात** | | | | ५००००.०० |
| ११.१ | अल्या २०७९/८० | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५००००.०० |
| **१२** | **आन्तरिक** | | | | ५०००.०० |
| १२.१ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | ५०००.०० |
| | **कुल जम्मा** | | | | ४८५२९१.५० |

**आदरणीय सभाध्यक्ष महोदय एवम् गाउँसभाका सदस्यज्यूहरु,**
अब म आ.व. २०८०/०८१ को अनुमानित बजेटको विवरण यस सम्मानित सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

| **क्र.सं.** | **विवरण** | **गा पा रकम** | **वडा गत रकम** | **सर्शत रकम** | जम्मा |
|---|---|---|---|---|---|
| **क** | **आर्थिक विकास** | | | | **३७६४४.५०** |
| १ | कृषि तथा खाद्य सुरक्षा | ४७००.०० | १४००.०० | १५००.०० | ७६००.०० |
| २ | सिचाई | १५००.०० | | | १५००.०० |
| ३ | पशु सेवा | ६०००.०० | १०००.०० | ८००.०० | ७८००.०० |
| ४ | उद्योग व्यवसाय | १०००.०० | १२००.०० | ११६०.०० | ३३६०.०० |
| ५ | पर्यटन तथा संस्कृति | ५०००.०० | १४००.०० | | ६४००.०० |
| ६ | भूमि व्यवस्था तथा सहकारी | ६०८.५० | | | ६०८.५० |
| ७ | श्रम रोजगार तथा गरीवी निवारण | १०००.०० | | ९३७६.०० | १०३७६.०० |
| **ख** | **सामाजिक विकास** | | | | **२४३०००.००** |
| १ | शिक्षा ,भाषा तथा साहित्य | १५०००.०० | ३५५०.०० | १३७५००.०० | १५६०५०.०० |
| २ | स्वास्थ्य तथा पोषण | १२७००.०० | २३००.०० | ४३३००.०० | ५८३००.०० |
| ३ | खानेपानी तथा सरसफाई | १०००.०० | २०००.०० | २०२००.०० | २३२००.०० |
| ४ | महिला वालवालिका तथा सामाजिक समावेशीकरण | २४००.०० | ११५०.०० | | ३५५०.०० |
| ५ | यूवा खेलकुद तथा पञ्जिकरण | ६००.०० | १३००.०० | | १९००.०० |
| **ग** | **पूर्वाधार विकास** | | | | **१०७१२३.००** |
| १ | बस्ति विकास , आवास तथा भवन | ३०७८३.०० | ९५००.०० | | ४०२८३.०० |
| २ | सडक तथा यातायात+पुल | २९६००.०० | १२५००.०० | २००००.०० | ६२१००.०० |
| ३ | जलस्रोत विद्युत तथा वैकल्विक | | ३००.०० | ८००.०० | ११००.०० |
| ४ | सूचना संचार तथा प्रविधि | ३५००.०० | | १४०.०० | ३६४०.०० |
| **घ** | **वन तथा वातावरण क्षेत्र** | | | | **६८००.००** |
| **१** | वन भू-संरक्षण र जैविक विविधता | ८००.०० | ५५०.०० | | १३५०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वातावरण तथा फोहोर मैला व्यवस्थापन | १०००.०० | १५५०.०० | | २५५०.०० |
| ३ | विपद व्यवस्थापन | २५००.०० | ४००.०० | | २९००.०० |
| **ग** | **संसथागत विकास** | | | | **९०७२४.००** |
| १ | नीति कानुन न्याय तथा सुशासन | १८५०.०० | | | १८५०.०० |
| २ | संगठन मानव संशोधन र क्षमता विकास | ८७०००.०० | ५००.०० | | ८७५००.०० |
| ३ | राजश्व तथा स्रोत परिचालन | ५०.०० | | | ५०.०० |
| ४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | | ४००.०० | ९२४.०० | १३२४.०० |
| | **जम्मा** | **२०८५९१.५०** | **४१०००.००** | **२३५७००.००** | **४८५२९१.५०** |

**अध्यक्ष महोदय,**

अन्तमा यस आ.व को बजेट निर्माण गर्नको लागि सहयोग गर्नुहुने सम्मानित सभाका अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, राजश्व परामर्श समिति, राष्ट्रसेवक कर्मचारीहरु, अन्य संघ संस्थाहरु, समाजसेवी, बुद्धिजीवि लगायत प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग तथा सल्लाह/सुझाव दिनु हुने सम्पुर्ण व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा कृतज्ञ व्यक्त गर्दै बजेट माथि छलफल तथा सहजीकरणको लागि गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरुको सक्रिय सहभागी भई सहयोग गर्नु हुनेछ भन्दै बजेट प्रस्तुतिकरण यहीँ अन्त्य भएको सम्मानित सभा समक्ष जानकारी गराउँदछु ।
**धन्यवाद ।**

सुनिला गुरुङ
उपाध्यक्ष

**जय धार्चे**

**मितिः२०८० असार १० गते रोज १ शुभम् ।**